मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
दरबाङ, म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

# मालिका राजपत्र

मालिका गाउँपालिकाद्वारा प्रकाशित


खण्डः ३ संख्याः ४ मितिः २०८१/१०/३०


भाग - १

## मालिका गाउँपालिका

# विपन्न नागरिक आर्थिक सहायता ऐन, २०८१

प्रमाणिकरण मितिः २०८१।१०।३०

स्थानीय राजपत्रमा प्रकाशित मितिः २०८१।१०।३०

मालिका गाउँपालिका

म्याग्दी जिल्ला

गण्डकी प्रदेश, नेपाल

वेग प्रसाद गर्वुजा
अध्यक्ष

मालिका गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
म्याग्दी
गण्डकी प्रदेश नेपाल
२०७३

# विपन्न नागरिक आर्थिक सहायता ऐन, २०८१

पेश गरिएको मितिः २०८१/१०/१३
पारित मितिः २०८१/१०/३०

**प्रस्तावनाः**

नेपालको संविधानको धारा ४२(२) बमोजिम मालिका गाउँपालिका क्षेत्रभित्र आर्थिक रुपले विपन्न नागरिकको संरक्षण उत्थान, सशक्तीकरण र विकासका लागि शिक्षा, स्वास्थ्य आवास, रोजगारी, खाद्यान्न र सामाजिक सुरक्षामा विशेष अवसर तथा लाभ पुर्याउने उद्देश्यले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरि मालिका गाउँकार्यपालिकाले **आर्थिक सहायता ऐन, २०८१** तयार पारेको छ।

## परिच्छेद १
## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भः**

१.१ यस ऐनको नाम **'विपन्न नागरिक आर्थिक सहायता ऐन, २०८१**रहेको छ।

१.२यो ऐनमालिका गाउँपालिकाको गाउँसभा बाट स्वीकृत भै स्थानीय राजपत्रमा प्रकाशित भएको मिति देखि लागू हुनेछ ।

**२. परिभाषा : विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा,**

२.१. आर्थिक रुपले विपन्न भन्नाले दैनिक जीवनयापन गर्न कठिनाई भएका आर्थिक रुपले विपन्न परिवार वा व्यक्ति सम्झनुपर्छ ।

२.२. **"विपन्न परिवार"** भन्नाले नेपाल सरकारको प्रचलित कानुन र नीति अनुसार विपन्न परिवार मानिएका परिवार वा व्यक्ति सम्झनु पर्छ र सो शब्दले गाउँपालिकाको सम्बन्धित वडा समितिले विपन्न परिवार हो भनि सिफारिस गरिएका परिवार वा व्यक्तिलाई समेत जनाउछ ।

२.३, **"वडा समिति"** भन्नाले गाउँपालिकाका सम्बन्धित बडाका वडा अध्यक्ष, वडा सदस्य, महिला सदस्य र दलित महिला सदस्य सहितको समितिलाई जनाउछ ।

२.४) **'कार्यालय"** भन्नाले मालिका गाउँपालिका, गाउँ कार्यपालिकाको कार्यालय, भन्ने जनाउछ ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

## परिच्छेद २

**३. उद्देश्य :**

गाउँपालिका भित्र जोखिम अवस्थामा रहेका, विशेष स्वास्थ्य, सुरक्षा र संरक्षणको आवश्यकता भएका विपन्न परिवार एवम् व्यक्तिको सहज जीवनयापन गर्नमा सहयोगी भूमिका प्रदान गर्न ।

**४. औचित्य :**

४१ मानव अधिकारको सम्मान ।

४.२. गाउँपालिका प्रति नागरिकको अपनत्वको भाव सिर्जना गराउन ।

४.३० विपन्न तथा कमजोर वर्ग र आवाज विहिनहरुको लागि अभिभावकीय भूमिका रहेको महसुस गराउन ।

**५. लक्षित वर्ग :**

५.१) विशेष संरक्षणको आवश्यकता भएका,

५.२) जोखिममा परेका,

५३) आर्थिक दृष्टिले विपन्न परिवार,

५.४) प्राकृतिक तथा मानवीय कारणबाट पिडित तथा प्रभावित,

५५) दुर्घटना तथा चोटपटकबाट गम्भीर रुपमा घाईते भएका र बिभिन्न रोग लागि उपचार गर्न आर्थिक अभावको कारण समस्यामा परेका,

५.६) जंगली जनावरको आक्रमणबाट घाइते, अंगभंग भइ उपचार गर्नुपर्ने व्यक्ति तथा मृत्युका कारण दाहसंस्कार लगायतका खर्च जुटाउन नसकेका परिवारका सदस्यहरु,

## परिच्छेदः ३

**६. आर्थिक सहयोगको लागि स्रोतको व्यवस्था**

गाउँपालिकाको गाउँसभाबाट प्रत्येक आर्थिक वर्ष विनियोजित रकम तथा अन्य श्रोतबाट प्राप्त रकमबाट आर्थिक सहायता रकमको व्यवस्थापन गरिनेछ ।

**७. आर्थिक सहायता उपलव्ध गराउने आधारहरु र सीमाः**

यस कार्यविधि बमोजिम तोकिएको लक्षित वर्गलाई वढीमा एक आर्थिक वर्षमा एकपटक मात्र देहाय बमोजिमको आर्थिक सहायता मध्ये कुनै एक आर्थिक सहायता देहायको आधार र सीमा भित्र रही उपलब्ध गराईनेछ ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

७.१) क्यान्सर, मेरुदण्ड पक्षघात, अङ्ग प्रत्यारोपण समेतका निकै जटिल प्रकृतिका दीर्घरोगी र जङ्गली जनावरको आक्रमणबाट अङ्गभङ्ग भई गम्भिर घाईते भएका तथा मृत्यु भएका परिवारहरुलाई समेत **पाँच हजार देखि पन्ध्र हजार रुपैयाँ सम्म ।**

७.२) गम्भीर प्रकृतिको रोग वा घातक रोग, दुर्घटना तया चोटपटकबाट गम्भीर रुपमा घाईते भएका, गम्भीर शारीरिक वा मानसिक समस्या वा गम्भीर अपाङ्गता भएकै कारण जीवन जोखिममा रही बाबुआमा वा परिवारबाट उपचारको व्यवस्था हुन नसकेको वा सामान्य जीवनयापन कठिनाई भएका व्यक्तिको उपचार सहयोग र निरन्तर रुपमा औषधी सेवन गरिरहनु पर्ने तथा बिभिन्न रोग लागि उपचार खर्च जुटाउन नसकेका परिवारका सदस्यहरुलाई बढीमा **पाँच हजार देखि दश हजार रुपैयाँ सम्म ।**

७.३) अनाथ असहाय/अशक्त बालवालिका वा बाबुआमालाई गम्भीर शारीरिक वा मानसिक समस्या भएका, अपाङ्गता वा अशक्तता भएको कारण उचित हेरचाह नपाएका बालवालिकाको पालनपोषण, हेरचाह, शिक्षादिक्षा तया संरक्षण सहयोगका लागि**पाँच हजार रुपैया सम्म ।**

**८. सिफारिस आवश्यक हुनेः**

८.१) सम्बन्धित वडा समितिको बैठकबाट आर्थिक रुपले विपन्न भएको भन्ने सिफारिस पत्र ।

८.२) गम्भीर रोगका कारण उपचार विरामिको हकमा सम्बन्धित अस्पतालमा उपचार गराएको रोग खुल्ने प्रमाणित पत्र ।

८.३) बिपत वा जंगली जनावरको आक्रमणबाट घाइते वा मृत्यु भएका व्याक्तिको हकमा प्रहरि मुचुल्का ।

## परिच्छेद ४

## आर्थिक सहायता सहयोग प्राप्त गर्न पुरा गर्नुपर्ने आवश्यक कागजात विधि र प्रक्रिया

**९) निवेदन दिनुपर्ने :**

यस कार्यविधि बमोजिमको आर्थिक सहायता सहयोग प्राप्त गर्न अनुसूची १ मा उल्लेखित निवेदन सम्बन्धित व्यक्ति स्वयम् वा बाबुआमा वा संरक्षकले लिखित रुपमा गाउँपालिका वा सम्बन्धित वडा कार्यालयमा दिनुपर्नेछ ।

**१०) आवश्यक कागजात संलग्न गर्नुपर्नेः**

निवेदनका साथ देहायका विवरण संलग्न गर्नुपर्नेछ,

१०.१) सम्बन्धित वडा कार्यालयवाट वडा समितिको बैठकको निर्णयबाट सिफारिस गरेको पत्र ।

१०.२) निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि, बालवालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि ।

वेग प्रसाद गर्वुजा
अध्यक्ष

१०.३)मालिका गाउँपालिकामा स्थायी वा लामो समयदेखि बसोवास गरेको खुलेको कागजात ।
१०.४) गम्भीर रोग/जटिल प्रकृतिका दिर्घरोगी, चोटपटक लागेका विरामी भएका व्यक्तिका हकमा स्वीकृत प्राप्त चिकित्सकको प्रेस्किप्सन ।

**११) आर्थिक सहायता उपलव्ध गराउन सकिनेः**

११.१) अनुसुची १ बमोजिम प्राप्त निवदेन र दफा १० बमोजिम संलग्न कागजात सहित बड़ा कार्यालयबाट सिफारिस भै आएका निवेदनका आधारमा सहायता रकम उपलव्ध गराउने सम्बन्धमा गाउँपालिका स्तरीय समितिको निर्णयबाट गराउन सकिनेछ।
११.२)गाउँपालिका स्तरिय आर्थिक सहायता समिति देहाय बमोजिम हुनेछ।

संयोजक -अध्यक्ष
सदस्य — उपाध्यक्ष
सदस्य - प्रमुख प्रशासकिय अधिकृत
सदस्य - सामाजिक विकास समितिका संयोजक
सदस्य -सामाजिक विकास शाखा प्रमुख
सदस्य - आर्थिक शाखा प्रमुख
सदस्य सचिव - स्वास्थ्य शाखा प्रमुख

**१२) आर्थिक सहायता सहयोग उपलव्ध गराउन नसकिनेः**

यस कार्यविधि बमोजिमको आर्थिक सहायता गाउँपालिका क्षेत्र भित्र स्थायी बसोवास नभएका वा छोटो समय बसोबास गरेका व्यक्ति वा परिवारलाई उपलव्ध गराउन सकिने छैन ।
तर, कुनै गम्भीर प्रकृतिको रोग वा आकस्मिक चोटपटक लाग्न गै तत्काल उपचार खर्च नभै सहयोगको लागि अनुरोध गरेको अवस्थामा आवश्यक जांचबुझबाट ठहर भएका व्यक्ति, सडक बालबालिका, सडक बेसाहारा जीवन गुजारा गरिरहेका व्यक्ति र विगत ३ वर्ष देखि गाउँपालिका क्षेत्रभित्र बसोवास गर्दै आएका परिवारका सदस्यलाई तोकिएको मापदण्डको सीमा भित्र आपतकालीन सहयोग उपलब्ध गराउन बाधा परेको मानिने छैन ।

**१३) प्रचलित कानुन बमोजिम हुनेः**

यस कार्यविधिमा उल्लेख भएका कुराहरु यसै बमोजिम र अन्य कुराहरुको हकमा प्रचलित कानुन बमोजिम हुनेछ ।

**१४) यो कार्यबिधि लागु हुनुभन्दा पहिला बितरण भएको आर्थिक सहायता यसै कार्यबिधि अनुसार भएको मानिने छ ।**

वेग प्रसाद गर्बुजा
अध्यक्ष

## अनुसूची-१
## निवेदनको ढाँचाः

मितिः २०...../...../......

**श्री मालिका गाउँपालिका, गाउँकार्यपालिकाको कार्यालय,**
**दरबाङ, म्याग्दी ।**

**विषयः आर्थिक सहायता सहयोग उपलव्ध गरिपाउँ ।**

महोदय,

गण्डकी प्रदेश म्याग्दी जिल्ला मालिका गाउँपालिका वडा नं........बसोबास गर्ने श्री.................... को (छोरा/छोरी/बाबु आमा/नाति/नातिनी/श्रीमान/श्रीमती) श्री......................................... अनाथ / असाहय/अशक्त/विपन्न परिवारको भएकोले आवश्यक कागजात सहित संलग्न राखीरोगको उपचार भैरहेको/भएको /गर्नुपर्ने भएकाले पालनपोषण, हेरचाह, शिक्षादिक्षा उपचार, संरक्षण तथा जीविकोपार्जनको लागि नियमानुसारको आर्थिक राहत सहयोग उपलव्ध गराईदिनु हुन अनुरोध छ। चालु आर्थिक वर्षमा यस उल्लेखित कार्य प्रयोजनका लागि कुनै निकाय वा संस्थाबाट सहयोग प्राप्त गरेको छैन वा..........................निकाय सस्था व्यक्तिबाट रु..............................सहयोग प्राप्त गरेको भए पनिअपुग हुन गएको व्यहोरा अनुरोध गर्दछु ।

निवेदक

दस्तखत
नाम
ठेगाना

वेग प्रसाद गर्वुजा
अध्यक्ष